# आर्थिक वर्ष २०८२।०८३ को
# शैल्यशिखर नगरपालिका न्यायिक समिति सचिवालयको
# वार्षिक प्रगति प्रतिवेदन

शैल्यशिखर नगरपालिका
न्यायिक समिति
गोकुलेश्वर, दार्चुला
सुदूरपश्चिम प्रदेश, नेपाल

शैल्यशिखर नगरपालिका

गोकुलेश्वर, दार्चुला

२०८३

CamScanner

शैल्यशिखर नगरपालिका

# न्यायिक समितिको सचिवालय

गोकुलेश्वर, दार्चुला

*सुदूरपश्चिम प्रदेश, नेपाल*

फोन नं.०९३-४०००८६

Email: shailyashikhar.gov@gmail.com

web-shailyashikhar.gov.np

(शैल्यशिखर नगरपालिका न्यायिक समिति गोकुलेश्वर, दार्चुला सुदूरपश्चिम प्रदेश, नेपाल)

प.स.२०८३।०८४

च.नं १६३२

मितिः २०८३।०३।२४

श्री जिल्ला अदालत,दार्चुला ।

<u>विषयः - प्रतिवेदन पठाएको सम्वन्धमा ।</u>

उपर्युक्त सम्वन्धमा शैल्यशिखर नगरपालिका न्यायिक समितिको सचिवालयले आर्थिक बर्ष २०८२।०८३ मा सम्पन्न गरेका गतिविधी र उजुरीहरु बिवरण सहितको बार्षिक प्रगति प्रतिवेदन यसैसाथ संलग्न गरि पठाएको वेहोरा अनुरोध छ ।

(मनोरथ जोशी)

उजुरी प्रशासक

# शैल्यशिखर नगरपालिका वार्षिक प्रगति प्रतिवेदन २०८२/०८३

## सारसंक्षेप:

नेपालको संविधानको धारा २१७ ले गाँउपालिका तथा नगरपालिका स्तरमा विवाद निरुपण गर्न न्यायिक समिति रहने व्यावस्था स्थानिसरकार संञ्चालन ऐन २०७४ को परिच्छेद ८ दफा ४६ देखी ५४ सम्म स्थानिय तहमा न्यायिक समितिको क्षेत्राधिकार तोकिएको छ र न्याय सम्पादन प्रकिया सम्वन्धी व्यवस्था स्थानिय न्यायिक प्रयोजनका लागी संवैधानिक ईतिहासमा पहिलो पटक भएको हो । संविधानमा उल्लेखित व्यवस्थालाई प्रभावकारी कार्यान्वयन गर्ने दायित्व स्थानिय तहमा रहेको छ । देश भरिका ७५३ वटा न्यायिक समितिवाट न्याय सम्पादन गर्ने यस प्रणालिबाट जनताको न्यायमा पहुँच सरल र सहज वनाउन मद्त पुग्ने विश्वास लिएको छ साथै बिवाद समाधानका बैकल्पिक उपायहरु अवलम्वन गर्दा न्यायिक प्रकिया जित जितको अवस्था सुनिश्चत हुने र न्याय प्रतिको सन्तुष्टि तथा विश्वास वढ्नुका साथै विवाद निरुपणलाई कम खर्चिलो,कम झनझटिलो तथा मेलमिलापमुलक प्रकियावाट समाधान गर्न गराउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

स्थानिय सरकार संञ्चालन ऐन २०७४ को परिच्छेद ८ को दफा ४६ देखी ५३ सम्म स्थानिय तहलाई न्यायिक समितिको क्षेत्राधिकार तोकिएको र न्याय सम्पादन प्रकियालाई थप व्यावस्थित गर्न शैल्यशिखर नगरपालिकाले न्यायिक समिति (कार्यविधि सम्वन्धी) ऐन २०७५ समेत जारी गरी कार्यान्वयनमा ल्याएको छ । निर्दिष्ट कानुनको अधिनमा रहि न्याय सम्पादन कार्यलाई पारदर्शी वनाउन ,स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ५३(१) वमोजिम शैल्यशिखर नगरपालिकाको न्यायिक समिति,समितिको सचिवालय तथा कानुन ईकाईबाट सम्पादन गरिएको कार्यहरुको अभिलेखिकृत गर्ने,स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ५३(१) शैल्यशिखर नगरपालिकाको न्यायिक समिति,सचिवालय तथा कानुन ईकाईबाट सम्पादन गरिएका कार्यहरुको वार्षिक विवरण नगर प्रमुख मार्फत नगर सभामा पेश गर्ने । न्यायिक

समितिबाट सम्पादन भएका कार्यहरु पेशगर्ने उदेश्यले यो प्रतिवेदन तयार गरिएको छ ।न्यायिक समिति अन्तर्गत कार्य सम्पादन गर्दा दैनिक प्रशासनिक तथा नियमित कार्यहरु सफलतापूर्वक सम्पादन गरीनु, आर्थिक वर्ष २०८२।०८३ को हालसम्म न्यायिक समितिका जम्मा ६ उजुरी दर्ता भई फछ्यौट गरिएका छन न्यायिक समितको यो वर्ष जम्मा १४ वटा वैठक संम्पन्न गरी नियमित अन्य कार्यक्रमहरु सञ्चालन गरिएका छन ।

सरकार संञ्चालनमा महत्वर्ण अङ्गहरुमध्ये न्यायपालिका एक महत्वपूर्ण अङ्ग रहेको छ , व्यवस्थापिकाले तयार गरेको कानून कार्यपालिकाले कार्यान्वयन गर्छ ।यस क्रममा कानुनमा देखिएका अष्पटतालाई व्याख्यागर्ने र विवाद निरुपण गर्ने काम न्यापालिकाले गर्छ।लोकतान्त्रिक गणतन्त्रको स्थापनापछि स्थानिय तहदेखी नै सुदृढ एवंम सफल वनाउनका लागी स्थानिय नेतृत्व,स्थानिय कानून र स्थानिय सरकारको व्यवस्थापनको लागी स्थानिय सरकार संञ्चालन ऐनले स्थानिय तहमा न्यायिक समितिको व्यवस्था गरेको छ । उल्लेखित विवादका बिषय वाहेकका विषयहरु पनि न्यायिक समितिमा मेलमिलापका माध्यमबाट टुङ्गो लगाउनु पर्छ । न्यायिक समितिमा निवेदन वा फिराद पेश भएपछी बिपक्षीका नाँउमा म्याद उठाउने ,प्रतिउत्तर बुझ्ने,प्रमाणको परिक्षण,साँक्षी परिक्षण गर्ने,मेलमिलापका लागी दुबै पक्षलाई उत्प्रेरित गर्ने लगायत सवै प्रकिया टुङ्ग्याएर मात्र समितिले निर्णय गर्नुपर्ने व्यवस्था अवसरको रुपमा रहेको छ ।

स्थानीय स्तरमा अदालती अभ्यासको शुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भए पनि न्याय सम्पादन गर्न देहाय चुनौतिहरु रहेका छन

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाव हुनु तथा प्राविधिक ज्ञानको कमी रहनु
- यथेष्ट प्रमाणको मुल्याङ्कन नगरी फौसला हुनसक्ने
- चुनावबाट आएका जनप्रतिनिधि ईजलासमा हुने भएकाले राजनीतिक पुर्वाग्रहीपन हुन सक्ने
- कुनै पनि मुद्धामा सिधै अदालत जान सकिने भएकोले राजनीतिक रुपले फरक विचारका व्यक्तिहरु सिधै अदालतमा जान सक्ने न्यायिक समितिबाट न्याय

सम्पादन प्रकियालाई प्रभावकारी बनाउन संघिय सरकार,प्रदेश सरकार तथा स्थानिय सरकारबाट न्यायिक समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धिको लागी समय समयमा कानुन सम्वन्धी तालिमहरु संञ्चालन गरिनुपर्ने,न्यायिक समितिको सचिवालय तथा कानुनी ईकाइमा कार्यरत कर्मचारीको क्षमता अभिबृद्धि गर्न न्याय तथा कानुन सम्वन्धी सेवाकालिन तालिम संञ्चालन गराई क्षमता अभिबृद्धि गर्न न्याय तथा कानून सम्वन्धी सेवाकालिन अन्य तालिमहरु आयोजना गरिनुपर्ने न्यायिक समिति मार्फत भए गरेका काम कार्वाहिका नियमित अनुगमन गरी पृष्टपोषण गर्नुपर्ने सुझाव तथा अपेक्षा समेत प्रतिवेदनमा उल्लेख गरिएको छ ।

## शैल्यशिखर नगरपालिकाको परिचय

दार्चुला जिल्लामा पर्ने शैल्यशिखर नगरपालिका एक ऐतिहासिक,राजनैतिक,प्राकृतिक,साँस्कृतिक तथा धार्मीक दृष्टिकोणले महत्त्वपूर्ण नगरपालिका हो । शैल्यशिखर नगरपालिका साविकका ६ वटा गाँउबिकास समिति बोहरीगाँउ,शिखर,रानिशिखर,देथला,ग्वानी र गोकूलेश्वरको सवै क्षेत्र समावेश गरी शैल्यशिखर नगरपालिका बनेको हो ।यस शैल्यशिखर नगरपालिकाको पूर्बमा मार्मा गाँउपालिका ,पश्चिममा लेकम गाँउपालिका र मालिकार्जुन गाँउपालिका उत्तरमा नौगाड गाँउपालिका तथा दक्षिणमा बैतडी जिल्लाको डिलासैनी गाँउपालिका रहेको छ ।यस शैल्यशिखर नगरपालिकामा पवित्र मन्दिरहरु,खोलानाला,बनजंगलहरु,ढुङ्गा रस्लेट,जडीबुटी ,बनपैदावार,कृर्षि ,पशुपालन,नगदेबाली लगायतका थुप्रै सम्भावना रहेका छन।यस नगरपालिका भित्र स्नातको तहसम्मको गोकूलेश्वर बहुमुखी क्याम्पस रहेको छ । यस नगरपालिकामा रहेको गोकुलेश्वर बिमानस्थलको हाल स्थरउन्नती भई रहेको छ । त्यस्तै दार्चुला जिल्लाको दोश्रो ठूलो शहर गोकूलेश्वर वजार पनि यसै क्षेत्रमा रहेको छ भने चौलानी नदी पनि यस क्षेत्रमा रहेको छ चौलानी नदीबाट ३० मेगावाट क्षमताको चमेलिया जलविधुत आयोजना लगायत अन्य स–साना

जलविद्युत आयोजना समेत यसै नगरपालिकामा पर्दछन।यस नगरपालिकाको बिकासको लागी थुप्रै सम्भावना रहेका छन ।

## प्रतिबेदनको उदेश्यः

न्यायिक समितिको प्रतिवेदन तयार गर्न देहाय बमिजमको उदेश्य रहेको छ ।

- स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ५३(१) बमोजिम शैल्यशिखर नगरपालिकाको न्यायिक समितिको सचिवालय तथा कानुन ईकाइबाट सम्पादन गरिएको कार्यहरुका अभिलेखिकृत गर्ने ।
- स्थानिय सरकार संञ्चालन ऐन २०७४ को दफा ५३ (२) बमोजिम शैल्यशिखर नगरपालिकाको न्यायिक समिति,समितिको सचिबालय तथा कानुन ईकाइबाट सम्पादन गरिएका कार्यहरुको बार्षिक बिबरण नगर प्रमुख मार्फत नगरसभामा पेश गर्ने ।
- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको अभिलेखिकृत प्रतिबेदन नगर कार्यपालिकामा पेश गर्ने ।

## प्रतिवेदन तयारी बिधीः

- न्यायिक समितिबाट सम्पादन गरिएका कार्यहरुको प्रतिबेदन तयार गर्न नेपालको संबिधान ,स्थानिय सरकार संञ्चालन ऐन २०७४,शैल्यशिखर नगरपालिकाको न्यायिक समिति(कार्यबिधी सम्वन्धी) ऐन,२०७५,न्यायिक समितिको बैठक पुस्तिकाहरुको बिषेश अध्ययन तथा बिश्रलेषण गरी तयार गरिएको छ ।
- उक्त प्रतिबेदन तयार गर्दा शैल्यशिखर नगरपालिकाको कार्यसम्पादन चुस्त दुरुस्त बनाउन स्वीकृत भई कार्यान्वयनमा रहेका कानूनहरुको अध्ययन बिश्लेषण तयार गरिएको छ साथै प्रतिबेदन तयारको क्रममा देहाय बमोजिम अन्य दस्ताबेजहरुको समेत अध्ययन बिश्लेषण गरिएको छ
  - मेलमिलाप ऐन,२०६८ र मेलमिलाप नियमावलि,२०७०
  - प्रमाण ऐन,२०३१

CamScanner

- मुलुकी देवानी(संहिता) ऐन,२०७४
- मुलुकी देवानी कार्यबिधी(संहिता) ऐन,२०७४
- मुलुकी अपराध(संहिता) ऐन,२०७४
- अन्य ऐन कानूनहरु
- शैल्यशिखर नगरपालिकाले स्वीकृत गरी कार्यान्वयनमा ल्याएका ऐन,नियमावली,कार्यबिधी,निर्देशिका तथा मापदण्ड

स्थानिय तहको बर्तमान स्वरुप र न्यायिक अधिकार:

नेपालको संबिधानको भाग ५ धारा ५६(१) मा संघिय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ,प्रदेश र स्थानिय तह गरी तीन तहको हुनेछ भन्ने उल्लेख छ। संबिधानको धारा ५६(२)मा नेपालको राज्यशक्तिको प्रयोग संघ,प्रदेश र स्थानीय तहले यस संबिधान तथा कानून बमोजिम गर्नेछन भनी स्पष्ट गरिएको छ । नेपालको संबिधान धारा २१७ उपधारा (१) मा कानून बमोजिम आफ्नो अधिकारक्षेत्र भित्रका बिबाद निरुपण गर्न शैल्यशिखर नगरपालिकाले उपप्रमुखको संयोजकत्वमा निम्न अनुसारको न्यायिक समिति रहेको छ ।

| | |
|---|---|
| शान्ति खडायत | संयोजक |
| नरेन्द्र बहादुर पाल | सदस्य |
| केशब दत्त बिष्ट | सदस्य |
| मनोरथ जोशी | सदस्य सचिब |

न्यायिक समितिको अधिकारक्षेत्र:

न्यायिक समितिबाट स्थानिय तहको न्याय निरुपण सम्वन्धी कार्य सम्पादन गर्न स्थानिय सरकार संञ्चालन ऐन २०७४ मा भएको कानूनी व्यवस्था अनुसार शैल्यशिखर नगरपालिकाको न्यायिक समिति (कार्यबिधी सम्बन्धी)ऐन २०७५ नगरसभाबाट स्वीकृत गरी कार्यान्वयनमा ल्याइएको छ र सो ऐन बमोजिम निर्धारण गरिएको छ । स्थानिय सरकार संञ्चालन ऐनको दफा ४७ मा न्यायिक समितिको अधिकार क्षेत्र बारे निम्न अनुसार ब्याख्या गरिएको छ ।

- आली, धुर, बाँध,पैनी,कुलो वा पानीघाटको बाँडफाडको तथा उपयोग
- अर्काको बाली नोक्सानि गरेको

CamScanner

- चरन घाँस दाउरा
- ज्याला मजदुरी नदिएको
- घरपालुवा पशुपक्षी हराएको वा पाएको
- ज्येष्ठ नागरिको पालनपोषण तथा हेरचाह नगरेको
- नावालक छोरा छोरी वा पती पत्नीलाई इज्जत आमदअनुसार खान,लाउन वा शिक्षा दिक्षा नदिएको
- बार्षिक २५ लाख रुपया सम्मको बिगो भएको घर बहाल र घर बहाल सुबिधा
- अन्य व्यत्तिको घर जग्गा वा सम्पतिलाई असर पर्ने गरी रुख बिरुवा लगाएको ।
- आफ्नो घर वा बलेसी बाट अर्काको घर ,जग्गा वा सार्बजनिक बाटोमा पानी झारेको
- सँधियारको जग्गातर्फ झ्याल राखी घर बनाउनुपर्दा कानून बमोजिम छोड्नुपर्ने परिणामको जग्गा नछोडी बनाएको ।
- कसैको हक वा स्वामित्वमा भएपनि परापूर्वदेखी सार्बजनिक रुपमा प्रयोग हुदै आएको बाटो ,बस्तुभाव निकाल्ने निकास ,बस्तुभाव चराउने चौर,कुलो,नहर,पोखरी ,पाटीपौवा,अन्त्येष्टिस्थल,धार्मिकस्थल वा अन्य कुनै सार्वजनिक स्थलको उपयोग गर्न नदिएको वा बाधा पुर्याएको ।
- संघिय वा प्रदेश कानूनले स्थानियतहबाट निरुपण हुने भनी तोकेको अन्य बिवाद ।

न्यायिक समितिलाई देहायका विवादहरुमा मेलमिलापको माध्यमबाट मात्र बिवादको निरुपण गर्ने अधिकार हुनेछ ।

✓ सरकारी सार्वजनिक वा सामुदायिक बाहेक एकाको हकको जग्गा अर्कोले चापी ,मिची वा घुसाई खाएको ।

✓ सरकारी सार्वजनिक वा सामुदायिक बाहेक आपनो हक नपुग्ने अरुको जग्गामा घर वा कुनै संरचना बनाएको ।

CamScanner

- ✓ पती पत्नीबिचको सम्बन्ध विच्छेद तर पति पत्नी बिचको सम्बन्ध बिच्छेद हुने गरी मेलमिलाप गर्न सकिने छैन ।
- ✓ अंगभंग वाहेकको बढीमा १ बर्षसम्म कैद हुनसक्ने कुटपीट ।
- ✓ गाली बेइज्जती ।
- ✓ लुटपीट ।
- ✓ पशुपक्षी छाडा छोडेको वा पशुपक्षी राख्दा वा पाल्दा लापरवाही गरी अरुलाई असर पारेको ।
- ✓ अरुको अवासमा अनधिकृत प्रबेश गरेको ।
- ✓ अर्काको हक भोगमा रहेको जग्गा आवाद वा भोगचलन गरेको ।
- ✓ ध्वनी प्रदुषण गरी वा फोहोरमैला फ्याँकी छिमेकीलाई असर पुर्याएको
- ✓ प्रचलित कानून बमोजिम मेलमिलाप हुन सक्ने व्यक्ति वादी भई दायर हुने अन्य देवानी र एक वर्षसम्म कैद हुन सक्ने फौजदारी बिबाद ।

<u>मेलमिलापकर्ताको छनौट:</u>

यस शैल्यशिखर नगरपालिका न्यायिक समितिले स्थानिय सरकार संचालन ऐन २०७४ को दफा ७४ अन्तर्गत आफ्नो अधिकारक्षेत्र भित्रका बिबादमा न्यायिक निरुपण गर्न सोही ऐनको दफा ४९ को उपदफा १० बमोजिम मेलमिलाप प्रयोजनका लागी प्रत्येक वडाबाट तपशिल बमोजिमको मेलमिलापकर्ता छनौट गरियो ।

- ➢ गौरीलाल खडायत शैल्यशिखर नगरपालिका १
- ➢ अक्षय तितरा शैल्यशिखर नगरपालिका १
- ➢ कलावति भट्ट शैल्यशिखर नगरपालिका १
- ➢ लोकेन्द्र वहादुर खडायत शैल्यशिखर नगरपालिका १
- ➢ कुशा खडायत शैल्यशिखर नगरपालिका १
- ➢ जयमति मिश्र शैल्यशिखर नगरपालिका २
- ➢ भोज बहादुर पाल शैल्यशिखर नगरपालिका २
- ➢ सुरेन्द्र वहादुर पाल शैल्यशिखर नगरपालिका २
- ➢ निरा लाबड शैल्यशिखर नगरपालिका ३

CamScanner

- राम बहादुर चन्द शैल्यशिखर नगरपालिका ३
- दशरथ वहादुर चन्द शैल्यशिखर नगरपालिका ३
- मान सिंह बोहरा शैल्यशिखर नगरपालिका ४
- शंकर भट्ट शैल्यशिखर नगरपालिका ४
- कलावति खत्रि शैल्यशिखर नगरपालिका ४
- पुष्कर सिंह डागा शैल्यशिखर नगरपालिका ५
- देब सिंह डागा शैल्यशिखर नगरपालिका ५
- दान सिंह डागा शैल्यशिखर नगरपालिका ५
- मानमति डागा शैल्यशिखर नगरपालिका ५
- ईश्वर सिंह धामी शैल्यशिखर नगरपालिका ६
- अनिता धामि शैल्यशिखर नगरपालिका ६
- चन्द्र राज शैल्यशिखर नगरपालिका ६
- मन्जु धामी शैल्यशिखर नगरपालिका ६
- बिर सिंह बिष्ट शैल्यशिखर नगरपालिका ७
- हेमा जोशी भट्ट शैल्यशिखर नगरपालिका ७
- जयन्ती भट्ट जोशी शैल्यशिखर नगरपालिका ८
- खेम राज जोशी शैल्यशिखर नगरपालिका ८
- माया कुमारी विष्ट शैल्यशिखर नगरपालिका ८
- महेश बिष्ट शैल्यशिखर नगरपालिका ९
- कल्पना साउद शैल्यशिखर नगरपालिका ९
- नरेन्द्र कोलि शैल्यशिखर नगरपालिका ९
- कुनु रैशवाल शैल्यशिखर नगरपालिका

**२०८३।०८४ न्यायिक समितिमा दर्ता भएका उजुरीहरुको बिबरण ।**

यस शैल्यशिखर नगरपालिकामा हालसम्म परेका उजुरीहरुको बिबरण निम्न अनुसार रहेका छन ।

१ उजुरी मितिः२०८३।०२।०२ बादी सरस्वती चन्द प्रतिबादी प्रकाश भट्ट,उमेश भट्ट,हरिश भट्ट,डम्मर भट्ट,लक्ष्मी भट्ट,विरे भट्ट उजुरी बिषयः खानेपानी मुहान विवाद

CamScanner

२ उजुरी मितिः२०८३।०२।०२ बादी लक्षमण भट्ट प्रतिबादी पदम वहादुर चन्द उजुरी बिषयः खानेपानी मुहान विवाद

३ उजुरी मितिः२०८३।०२।२२ बादी जयानन्द मिश्र प्रतिबादि मोहन सिंह साउद ,हिक्मत वहादुर चन्द बिषयः क्षतिपूर्ति

४. उजुरी मितिः२०८३।०२।१२ बादी गणेश दत्त जोशी प्रतिबादि सविर दत्त जोशी,गोपाल दत्त पन्त, हरिदत्त जोशी, अजव सिंह विष्ट,कल्यान सिंह विष्ट,विसन सिंह खत्री, बिषयः कुटपिट

५.उजुरी मितिः२०८३।०१।११ वादी भान वहादुर विष्ट प्रतिवादी मोहन सिंह साउद मुद्धाः वाटो विवाद

६.उजुरी मितिः२०८३।०१।२४ वादी राजमती रावल प्रतिवादी भुपेन्द्र रावल मानमती डाँगा मुद्धाः कुटपिट

आ.ब.२०८३।०८४ मा उजुरीहरुको अवस्था

| उजुरी दर्ता | उजुरी दर्ता मिति | वादी | प्रतिवादी | मुद्धाको किसिम | हालको अवस्था |
|---|---|---|---|---|---|
| ०१ | २०८३।०१।२४ | राजमती रावल | भुपेन्द्र रावल<br>मानमती डाँगा | कुटपिट | फछ्र्योट |
| ०२ | २०८३।०१।११ | भान वहादुर विष्ट | मोहन सिंह साउद | वाटो विवाद | जिल्ला अदालत पठाउने निर्णय |
| ०३ | २०८३।०२।१२ | गणेश दत्त जोशी | सविर दत्त जोशी<br>गोपाल दत्त पन्त<br>हरि दत्त जोशी<br>अजव सिंह विष्ट<br>कल्यान सिंह विष्ट<br>विसन सिंह खत्री | कुटपिट | फछ्र्योट |
| ०४ | २०८३।०२।०२२ | जयानन्द मिश्र | मोहन सिंह साउद<br>हिक्मत वहादुर चन्द | क्षतिपूर्ति | निवेदक सम्पर्कमा नआएकोले डिसमिस गर्ने निर्णय |

CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ०५ | २०८३।०२।२३ | सरस्वती चन्द | प्रकाश भट्ट<br>उमेश भट्ट<br>हरिश भट्ट<br>डम्वर भट्ट<br>लक्ष्मी भट्ट<br>विरे भट्ट | खानेपानी मुहान | फछर्यौट |
| ०६ | २०८३।०२।२३ | लक्षमण भट्ट | पदम वहादुर चन्द | खानेपानी मुहान | फछर्यौट |

वडा मेलमिलाप केन्द्र र मेलमिलापकर्ताको विवरण:

| मेलमिलाप केन्द्रको नाम | मेलमिलापकर्ताको विवरण | संयोजकको नाम | हालको अवस्था |
|---|---|---|---|
| वडा नम्वर १ मेलमिलाप केन्द्र, बलाच | कुशा खडायत<br>कलावती भट्ट<br>लोकेन्द्र वहादुर खडायत<br>शान्ती खडायत | भरत खडायत | संञ्चालनमा |
| वडा नम्वर २ मेलमिलाप केन्द्र, देथला | सुरेन्द्र वहादुर पाल<br>जैमती मिश्र | नरेन्द्र वहादुर पाल | संञ्चालनमा |
| वडा नम्वर ३ मेलमिलाप केन्द्र, कर्कले | निरा लावड<br>दशरथ वहादुर चन्द | पदम वहादुर चन्द | संञ्चालनमा |
| वडा नम्वर ४ मेलमिलाप केन्द्र, काडापारी | मानसिंह वोहरा<br>कलावती खत्रि | राम सिंह ठगुन्ना | संञ्चालनमा |
| वडा नम्वर ५ मेलमिलाप केन्द्र, काडापारी | दान सिंह डाँगा<br>मानमति डाँगा | जनक सिंह रावल | संञ्चालनमा |
| वडा नम्वर ६ मेलमिलाप केन्द्र, काडापारी | चन्द्र राज विष्ट<br>मन्जु धामी | जगदिश सिंह धामी | संञ्चालनमा |
| वडा नम्वर ७ मेलमिलाप केन्द्र, काडापारी | हेमा जोशी भट्ट<br>विर सिंह विष्ट | पुष्प राज जोशी | संञ्चालनमा |

CS CamScanner

| | | | |
|---|---|---|---|
| वडा नम्वर ८ मेलमिलाप केन्द्र, काडापारी | खेम राज जोशी<br>जयन्ती भट्ट जोशी<br>माया कुमारी विष्ट | केशव दत्त जोशी | |
| वडा नम्वर ९ मेलमिलाप केन्द्र, काडापारी | महेश विष्ट<br>कल्पना साउद<br>नरेन्द्र कोली | प्रजापति पाण्डे | |

शैल्यशिखर न्यायिक समिति आयोजना गरेको १ दिने अभिमुखीकरण

यस शैल्यशिखर नगरपालिका न्यायिक समिति बाट जिल्ला अदालत दार्चुलाको सहजिकरणमा नगर प्रमुख,नगर उपप्रमुख ९ वटै वडा अध्यक्ष र कार्यपालिका सदस्यहरुलाई वडा सचिब,मेलमिलापकर्ता,साथै नगरपालिकाका अन्य शाखाहरु लाई न्याय सम्पादन सम्बन्धी अभिमुखीकरण कार्य सम्पन्न गरेको छ ।

मिडयाको सहयोगमा विधालयहरुमा वालविवाह सम्वन्धी सचेतना कार्यक्रम

शैल्यशिखर नगरपालिका भित्र रहेका माध्यमिक विधालयहरुमा वालविवाह सम्वन्धी साक्षरता कक्षा संञ्चालन गर्ने उदेश्यले शैल्यशिखर नगरपालिका वडा नम्वर १,२,३,४, का माध्यमिक तहका विधालयहरुमा सामुदायिक रेडियो मालिकार्जुन सँगको सहकार्यमा माध्यमिक तहका विधार्थिहरु लाई वाल विवाह सम्वन्धि साक्षरता कक्षा संञ्चालन गरिएको ।

वडा नम्वर ७ र ८ मा रहेका २१ वटा टोल विकास संसथाका पदाधिकारीहरुका लागि १ दिने अनुशिक्षण कार्यक्रम:

शैल्यशिखर नगरपालिका वडा नम्वर ७ र ८ मा गठित टोल विकास संस्थाका पदाधिकारीहरुका लागि न्यायिक समितिको काम कर्तव्य र अधिकार साथै स्थानीय स्तरमा टोल संस्था मार्फत मेलमिलाप र विकासका कार्यलाई कसरी अगाडी वढाउने सम्वन्धमा छलफल एवं अभिमुखिकरण कार्यक्रम सम्पन्न गरियो ।

स्थानिय तहमा न्यायिक समितिका चुनौति:

CamScanner

स्थानिय स्थरमा अदालती अभ्यासको शुरुवात निकै नै सकारात्मक र प्रभावकारी कदम भएपनि न्याय सम्पादन गर्दा देहाय चुनौती रहेका छन

- न्याय सम्पादनका क्रममा कानुनी ज्ञानको अभाब हुनु तथा प्राबिधिक ज्ञानको कमी रहनु ।
- यथेष्ट प्रमाणको मुल्याकन नगरी फौसला हुनसक्ने ।
- चुनाबबाट आएका जनप्रतिनिधि ईजलासमा हुने भएकोले राजनैतिक पूर्वाग्रहीपन हुनसक्ने ।
- कुनै पनि मुदामा सिधै जिल्ला अदालतमा जान सकिने भएकोले राजनैतिक रुपले फरक बिचारका व्यात्तिहरु सिधै जिल्ला अदालत जान सक्ने ।

<u>सुझाव</u>

न्यायिक समितिको प्रभाबकारी संञ्चालन तथा व्यावस्थापन सम्बन्धमा देहाय बमोजिम सुझाव पेश गरिएको छ ।

- न्यायिक समिति सदस्यहरुलाई बेला बेलामा तालिम गोष्ठीमा सहभागी गरी क्षमता बिकास गर्नुपर्ने ।
- सम्पूर्ण निर्बाचित सदस्यहरुलाई कानून सम्बन्धी तालिम प्रदान गर्नुपर्ने ।
- न्यायिक समितिको सचिबालय र ईजलास यथासिघ्र व्यावस्थापन गर्नुपर्ने ।
- मेलमिलापकर्ता सम्बन्धी तालिम संञ्चालन गरी मेलमिलापकर्ता तयार गर्नुपर्ने ।
- मेलमिलाप केन्द्रहरु स्थापना गरी कार्यसम्पादनमा सहजिकरण गर्न व्यावस्था मिलाउनुपर्ने ।

मनोरथ जोशी

उजुरी प्रशासक

CamScanner

बैठक संख्या: १८
समय: बिहान ६:१८

आज मिति २०८२ साल असार १६ गतेका दिन शैल्यशिखर नगरपालिका न्यायिक समितिको बैठक समितिका संयोजक श्री शान्ती खडायत ज्यूको अध्यक्षतामा बैठक बसी तपसिलको उपस्थितिमा देहाय अनुसार निर्णय गरियो ।

तपसिल :

| | | | |
|---|---|---|---|
| (हस्ताक्षर) | श्री शान्ती खडायत | संयोजक | |
| (हस्ताक्षर) | श्री नरेन्द्र बहादुर पाल | सदस्य | |
| (हस्ताक्षर) | श्री केशव दत्त बिष्ट | सदस्य | |
| (हस्ताक्षर) | श्री मनोरथ ओझी | सदस्य सचिव | |

प्रस्ताव: उजुरी फरछ्यौट र लगत कट्टा सम्बन्धमा ।
उजुरी जिल्ला अदालत पठाउने सम्बन्धमा ।

निर्णय १: मिति २०८२ साल असार १६ गते सम्म अन्मा यस न्यायिक समितिमा दर्ता भएका उजुरीहरूको संख्या ६ ओटा रहेको र असमध्ये २ वटा उजुरी फछ्यौट भई उजुरी दर्ता किताबमा लगत कट्टा गर्न उजुरी प्रशासक लाई निर्देशन गर्ने ।

निर्णय: २ निवेदक भानबहादुर विष्टले विपक्षी मोहन सिंह साउदले गोकुलेश्वर बजारको मूल बाटोमा मोरी पुपारी बाटो अवरुद्ध गरेको भनि पेश गरेको उजुरी दुवै पक्षलाई पटक पटक दुवै पक्ष राखी छलफल गर्दा सहमती गर्ने कार्यान्वयन नगर्ने समस्या देखिएकोले उक्त उजुरीलाई न्यायिक समितिको पुनरावेदन लाग्ने निकाय जिल्ला अदालत दार्चुला मिसिल सहित पठाउने निर्णय गरियो ।

निर्णय: ३ निवेदक जयानन्द मिश्रले विपक्षी मोहन सिंह साउद र हिम्मत बहादुर चन्द दुवै जना मिलि मेरो शौचालय भत्काएको भनि उजुरी पेश गरेको र उक्त उजुरी पेश गर्दा अपनाउनु पर्ने सबै प्रक्रिया पुरा नगरेको र सम्पर्कमा नआएकोले उक्त उजुरीको लगत कट्टा गर्ने निर्णय गरियो

आ.व. २०८२।०८३ मा आएका उजुरीको अवस्था :

१) निवेदक रामभक्त रावल विपक्षी भुपेन्द्र रावल, मानमती डाँगा
मुद्दा: कुटपिट उजुरीको अवस्था फछ्र्योट ।

२) निवेदक मान बहादुर विष्ट विपक्षी मोहन साउद
मुद्दा: बाटो अवरोध उजुरीको अवस्था: जिल्ला अदालत पठाइएको

३) निवेदक गणेश दत्त जोशी विपक्षी सविर दत्त जोशी, गोपाल दत्त पन्त
हरिदत्त जोशी, अजय सिंह विष्ट, कल्याण सिंह विष्ट र विसन
सिंह रावल मुद्दा: गाली बेइज्जत उजुरीको अवस्था फछ्र्योट

४) निवेदक जयानन्द मिश्र विपक्षी मोहन सिंह साउद, हिम्मत बहादुर
चन्द मुद्दा: क्षतिपूर्ति उजुरीको अवस्था डिसमिस

५) निवेदक पार्वती चन्द विपक्षी प्रकाश भट्ट, उमेश भट्ट, हरिश
भट्ट, डम्बर भट्ट, लक्ष्मी भट्ट र विरे भट्ट मुद्दा: खानेपानी
विवाद उजुरीको अवस्था फछ्र्योट

६) निवेदक लक्ष्मण भट्ट विपक्षी पदम बहादुर चन्द लगायत उप-
भोक्ता समिति मुद्दा: खानेपानी विवाद उजुरीको अवस्था
फछ्र्योट ।

१

## उजुरी प्रतिवेदनः

शैल्यशिखर नगरपालिका
न्यायिक समितिको सचिवालय
गोकुलेश्वर,दार्चुला

**विषयः बाटो अवरोध सम्वन्धमा तयार गरिएको प्रतिवेदन**

प्रस्तुत विषयमा यस समितिले मितिः२०८३।०३।०५ गतेको निर्णय अनुसार सार्वजनिक बाटो अवरोध भएको भन्ने उजुरी सम्वन्धमा स्थलगत जाँचबुझ गरी दुवै पक्षको संयुक्त छलफल भई न्यायिक समिति द्वारा तयार गरिएको प्रतिवेदन ।

**छलफलमा सहभागी टोलीः**

१. श्री शान्ती खडायत संयोजक न्यायिक समिति
२. नरेन्द्र बहादुर पाल न्यायिक समिति सदस्य
३. श्री केशव दत्त बिष्ट सदस्य न्यायिक समिति
४. प्रजापति पाण्डे वडा अध्यक्ष वडा नम्बर ९,
५. सुरेन्द्र वहादुर विष्ट प्रमख प्रमुख प्रशासकीय अधिकृत
६. भोज राज भट्ट प्रशासन शाखा शैल्यशिखर नगरपालिका
७. किशोर सिंह ऐरी प्रहरी निरिक्षक ईलाका प्रहरी कार्यालय गोकुलेश्वर
८. बलविर महता प्रहरी सहायक निरिक्षक ईलाका प्रहरी कार्यालय गोकुलेश्वर
९. महादेव वोगटी प्रहरी ईलाका प्रहरी कार्यालय गोकुलेश्वर

**उपस्थित पक्षः**

१. श्री भानं बहादुर बिष्ट उजुरीकर्ता
२. श्री मोहन सिंह साउद विपक्षी
३. दिपेन्द्र राज पाण्डे व्यापारी
४. खड्क सिंह धामी व्यापारी
५. पल्लब राज जोशी व्यापारी
६. खेम बिष्ट व्यापारी
७. महेन्द्र राज पाण्डे व्यापारी
८. ईश्वर दत्त पाण्डे अध्यक्ष बजार व्यवस्थापन समिति
९. खड्क सिंह धामी व्यापारी
१०. खंकरा देवी बिष्ट
११. तेज वहादुर चन्द
१२. हिक्मत बहादुर चन्द स्थानी जग्गा धनी

१३.　　पल्लब राज जोशी व्यापारी

**उजुरीको तथ्यः**

क. उजुरीको बिषयः निवेदक भान बहादुर बिष्टले विपक्षी मोहन सिंह साउदले घर बनाउदा सार्वजनिक बाटो अबरोध हुने गरी बाटोमा माटो थुपारी बाटो अबरोध गरेको ।

ख. स्थलगत अवस्थाः शैल्यशिखर नगरपालिका वडा नम्वर, ९ गोकुलेश्वर (साविकको गोकुलेश्वर गा.बि.स. वडा नं. ४) वजारको बिचमा रहेको मुख्य सडक देखी नगरपालिका आउने वाटोको बिचमा साविक पि.सि.सि. बाटोको माथि विपक्षी मोहन सिंह साउदले साविक पि.सि.सि.बाटो गहिरो भई पानी निकास नभई पानी भरिने समस्या देखिएकोले आफूले घर बनाउदा निस्केको माटोले अन्दाजी करिब आधा फिट माटो पुरी वाटो उठाएको र निज निवेदक भान सिंह बिष्टले आफ्नो पसलको अगाडी पुर्दा आफ्नो घर साविक पिसिसि बाटोको सरह रहेको र उठाउदा आफूलाई मार्का पर्ने भई पसलको अगाडी पुर्न नदिई खाल्डो नै रहेको र पानी आउदा उक्त खाल्डो लगायत १९ मिटर लामो र २ मिटर जति चौडाई भएको बाटोको एरियामा पानी जम्न गई हाल आवत जावतमा लगायत अन्य कार्य गर्न मर्का भैरहेको ।

**पक्षको भनाईः**

विपक्षी मोहन सिंह साउदले आफ्नो घर निर्माण गर्दा घरवाट निस्केको माटो व्यवस्थापन गर्न र मलाई पिर मर्का पार्नको लागि साविक पि.सि.सि.वाटो माथी माटो भरी मेरो पसलको ढोका भन्दा माथी हुन गई पानी पर्दा सिधै मेरो पसल भित्र गई क्षति भईरहेकोले साविक पि.सि.सि.वाटो नै कायम गरिपाँउ भन्ने मौखिक वयान छलफल हुदाँ पेश गरेको ।

**विपक्षीको भनाईः**

विपक्षी मोहन सिंह साउदले मैले मेरो घर निर्माण गर्दा निस्केको माटो व्यवस्थापन गर्न माटो भराई गरेको नभई हामी व्यापारीहरुको बिचमा रहेको २ मिटर बाटोको पानी निकास कतै नभएकोले अलि माथि उठाउदा कसैलाई मार्का नपर्ने र पानी पहिला भन्दा कम जम्ने भएकोले सवै व्यापारीहरुको सहमतिमा माटो हालि वाटोलाई माथि उठाएको यसवाट हाम्रो वाटोमा पानी कम जम्मा हुने र सुधार हुने भएकोले त्यसो गरेको

**दुवै पक्षको सहभागि भएको छलफको निष्कर्षः**

निवेदक भान सिंह बिष्टले मिति २०८२।०४।०९ गतेको दिन स्थानीय व्यापारी मोहन सिंह साउदलाई विपक्षी बनाई बाटो अवरोध गरेको भनि जिल्ला प्रशासन कार्यालय दार्चुलामा उजुरी दिएको र जिल्ला प्रशासन कार्यालय दार्चुलाले शैल्यशिखर नगर कार्यपालिकाको कार्यालय गोकुलेश्वर दार्चुलालाई समन्वय तथा सहजिकरण गरिदिने भनि पत्राचार गरिएको उक्त विवादको विषयमा के कसो भएको हो भनि नगरपालिकाले प्रविधिक र अमिन खटाई स्थलगत अनुगमन गरेको अनुगमनको क्रममा साविक वाटो माथी माटो पुरी वाटो अग्लो वनाएको र निवेदक भान सिंह विष्ट्ले आफ्नो पसलको अगाडी माटो पुर्दा मलाई पानी मेरो धरभित्र पस्ने र मलाई मर्का पर्ने भनि आफ्नो पसलको अगाडी साविकको बाटो माथी माटो पुर्न नदिएको र उक्त अन्दाजी १.५ मिटरमा खाल्डो बन्न गई पानी जम्ने गरेको विवाद समाधान गर्न शैल्यशिखर नगरपालिकाले मिति २०८२।०५।०२ गतेका दिन छलफलमा सहभागी हुने भनि माथि अल्लेखित व्यक्तिहरुलाई पत्राचार

CamScanner

गरि मिति २०८२।०५।०२ गते छलफलमा सहभागी निवेदक र विपक्षी साथै अन्य व्यापारीहरुको सहमतिको बिन्दु निम्न बुँदाहरुमा गरि विवाद समाधान गरियो ।

१. दान बहादुर विष्टको पसल देखी साविक वाटोको बिचमा नालि निर्माण गर्ने ।
२. नालिको लागत नगरपालिकाले तयार गर्ने ।
३. लागत नगरकार्यपालिकाले वेहोर्ने ।
४. नालि तयार हुन्जसम्म परेको समस्यामा व्यापारीहरुले कुनै किसिमको अवरोध नगर्ने
५. नालिको निकासको लागि पल्लव राज जोशी,मोहन सिंह साउद,भवान सिंह धामी महेश सिंह साउदको जग्गावाट निकास दिने र पुरानो नालिमा मिसाउने ।
६. नालि निर्माणको कार्य जग्गाधनीहरु सम्मिलित उपभोक्ता समितिले गर्ने ।

**<u>सहमति कार्यान्वयनको अवस्थाः</u>**

मिति २०८२।०५।०२ गतेको सहमति कार्यान्वयन गर्न शैल्यशिखर नगरकार्यपालिकाले अन्य श्रोतवाट प्राविधिक लागत अनुमान अनुसार नालि निर्माणको लागि लाग्ने लागत रु १० लाख बजेट सुनिश्चित गरि सुत्रमा प्रवृष्ट गरेको र उक्त क्षेत्रका व्यापारी एव् उपभोक्तालाई बजेट सुनिश्चित गरिएको र नालि निर्माणको लागि उपभोक्ता समिति गठन गरि पेश गर्ने भनि जानकारी गरिएको र छलफलमा सहभागी मध्ये पल्लव राज जोशीले नालिको निकास आफ्नो जग्गावाट नदिने भनि छलफलमा नै सहभागी नहुने भनि सहमति कार्यान्वयन नगरेको र उक्त नालिको लागि विनियोजन गरेको रकम समेत फ्रिज भएको ।

**<u>सिफारिस</u>**

माथि उल्लेखित स्थलगत अवस्था मापदण्ड र प्रमाणका आधारमा उक्त क्षेत्रमा पानीको निकास कतै कुनै स्थानमा नजिक नरहेको सबै दर्तावाल कित्ता भएका जमिन रहेकोले आफ्नो जमिनवाट कसैले पनि निकास नदिएमा एकमात्रै विकल्प १५० मिटर पश्चिम रहेको एयरपोर्टको पुरानो नालिमा निकासको लागि वाटोको विचवाट नालि वनाई निकास दिनुपर्ने साथै नगरपालिकाले तोकेको घर निर्माणको मापदण्ड दुवै पक्षवाट पालना नभएकोले सवै व्यापारीहरुको सहयोगमा नालि वनाउने वातावरण तयार गर्नुपर्ने ।

शैल्यशिखर नगरपालिका न्यायिक समिति
श्री शान्ती खडायत संयोजक
श्री नरेन्द्र बहादुर पाल सदस्य
श्री केशव दत्त जोशी सदस्य

२०८३।०३।२२

CamScanner

मिति: २०८२।५।४

आज मिति २०८२।५।४ गतेका दिन यस शैल्यशिखर नगरपालिका न्यायिक समिति संयोजक तथा नगर उपप्रमुख श्री शान्ति खड्ायत ज्यू को अध्यक्षतामा यस गोकुलेश्वर अस्पताल लाइन को [illegible] मा देखिएको समस्या को समाधानका लागि [illegible] को उपस्थितिमा देहाय बमोजिमका निर्णयहरु पारित गरिए।

उपस्थिति:

1. श्री शान्ति खड्ायत न्यायिक समिति संयोजक नगर उपप्रमुख
2. श्री सुरेन्द्र बहादुर बिष्ट प्रमुख प्रशासकीय अधिकृत
3. श्री नरेन्द्र बहादुर पाल न्यायिक समिति सदस्य
4. श्री [illegible] राज भट्ट प्रशासन शाखा प्रमुख
5. श्री [illegible] बहादुर बिष्ट न्यायिक समिति सदस्य
6. श्री बलबिर महता प्रहरी सहायक निरीक्षक
7. श्री नरेन्द्र [illegible] गोकुलेश्वर बजार
8. श्री रमेश चन्द्र भट्ट ,, ,,
9. श्री रेवन्त बिष्ट ,, ,,
10. श्री मान बहादुर बिष्ट ,, ,,
11. श्री दिपेन्द्र पाण्डेय ,, ,,
12. श्री महेन्द्र पाण्डेय ,, ,,
13. श्री खड्क सिंह धामी ,, ,,
14. श्री खष्टा देवी बिष्ट ,, ,,
15. श्री तेज बहादुर चन्द ,, ,,
16. श्री [illegible] बोगटी ,, ,,
17. श्री [illegible] राज जोशी इ.प्र.का.
18. श्री मोहन सिंह साउद इ.प्र.का.
19. श्री ईश्वर राज पाण्डेय गोकुलेश्वर बजार
20. श्री हिक्मत बहादुर चन्द व्यापार संघ अध्यक्ष
21. श्री किशोर सिंह सैनी गोकुलेश्वर बजार
22. श्री [illegible] राज जोशी प्रहरी निरीक्षक
श्री [illegible]

प्रस्तावहरु:

(१) ढल निकास सम्बन्धमा ।

(२) ढल निर्माणका लागी आवश्यक बजेट सम्बन्धमा ।

(३) पुरष्कार सम्मान व्यवस्थापन सम्बन्धमा ।

निर्णयहरु:

निर्णय नं. १:

प्रस्ताव नं. १ माथि छलफल गर्दा यस शैल्यशिखर न.पा. को यस गोकुलेश्वर अस्पताल माने पि.सी.सी बाटो मा आएको विवाद लाई समन्वय तथा सहजिकरणका लागी जिल्ला प्रशासन कार्यालय दार्चुला को चं.नं. १०२ को मिति ०८१।४।७ को प्राप्त पत्रानुसार यस बाटो को समस्या समाधानका लागी यस न.पा. को न्यायिक समिति संयोजक श्री शान्ति सापकोटा ज्यु को अध्यक्षता तथा सरोकारवाला हरु बिच छलफल हुदा धन बहादुर विष्ट को पसल देखि प्राविधिक इस्टमेट अनुसार पि.सी.सी. बाटोको बिच बाट नाली निर्माण गरी, पल्लव राज जोशी मोहन साउद र महेश सिंह साउदको जग्गा बाट तल्लो सतहमा रहेको पुरानो नालीमा मिसाउने र ति जग्गा धनिहरुले उक्त जग्गामा संरचना निर्माण गर्दा उनिहरुलाई कुनै किसिमको बाधा नपर्ने र नाली पनि व्यवस्थित रुपमा संचालन गर्ने जिम्मेवारी समेत जग्गाधनिहरु लाई नै दिने निर्णय सर्वसम्मति बाट पारित गरियो।

निर्णय नं. २:

प्रस्ताव नं. २ माथी छलफल गर्दा यस शैल्यशिखर न.पा. को गोकुलेश्वर अस्पताल रोडको ढल निर्माण गर्न आवश्यक बजेट को व्यवस्था गर्न नगर कार्यपालिका लाई अनुरोध गर्ने निर्णय सर्वसम्मति बाट पारित गरियो ।

निर्णय नं. ३:

प्रस्ताव नं. ३ माथि छलफल गर्दा यस शैल्यशिखर नगरपालिका को गोकुलेश्वर

पसल अगाडी फुटपाथमा समान राखि पैदल यात्री हरुलाई हिड्न
गर्न समस्या रहेकोले अब समान सम्बन्धित व्यापारिले
आफ्नो पसल भित्र राखि बाटो खुला गर्ने व्यवस्थाको लागी
ओखुलेश्वर बजार व्यवस्थापन समिति लाई जिम्मा दिने निर्णय
सर्व सम्मति बाट पारित गरियो ।

मिति २०८३/०३/०३

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

शैल्यशिखर नगरपालिका नगर कार्यपालिकाको कार्यालय,

गोकुलेश्वर, दार्चुला।

## स्थलगत निरीक्षण प्रतिवेदन

प्रस्तुत विषयमा सम्बन्धमा यस शैल्यशिखर नगरपालीका वडा नं. ०९ (साविकको गोकुलेश्वर गा.वि.स. वडा नं. ०४) को मुख्य सडक देखि नगरपालिकाको कार्यालय सम्म आउने गोरेटो बाटोमा रहेको पानीको खाडलको स्थलगत निरीक्षण तथा बिस्तृत अध्ययन गर्दा पानीको खाडल देखि पश्चिम तर्फ २२ मिटर र गोरेटो बाटो देखि दक्षिण तर्फ ५ मिटर व्याक्तिको जमिन रहेको र सो देखि दक्षिण तर्फ प्लानिंग गरिएको २ मिटर चौडाई र १९ मिटर लम्बाई भएको बाटो पश्चिम नाली सम्म जोडिएको छ ।

प्रतिबेदन पेश गर्ने

हस्ताक्षर : कमल खडायत अमिन

नाम : कमल खडायत

पद : अमिन

मिति : २०८३/०३/०३